## सूचना ३

श्री ५ को सरकारको मिति २०४७।६।२९ को निर्णयले नेपाल प्रशासन सेवा, रा.प. तृतीय श्रेणीका अधिकृत श्री लोकप्रसाद आचार्यलाई प्रशासकीय अधिकृत जिल्ला कार्यालय रामेछापबाट शाखा अधिकृत इलाका प्रशासन शाखा पातोबजार सप्तरीमा सरुवा गरेको छ ।

आज्ञाले,
उद्धवप्रसाद बास्कोटा
कानून अधिकृत (उपसचिव)

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४७।७।५ को निर्णयानुसार पारवहनसम्बन्धी समस्याहरुलाई बढी प्रभावकारी र समन्वयात्मक रूपमा यथाशक्य छिटो समाधान गर्ने उद्देश्यले देहायबमोजिमको एक पारवहन समन्वय समिति गठन गरी सो समितिलाई देहायबमोजिमको कार्यक्षेत्र तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. समितिको गठन: समितिको गठन देहायबमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) सचिव, वाणिज्य मन्त्रालय – | अध्यक्ष |
| (ख) महानिर्देशक, भन्सार विभाग – | सदस्य |
| (ग) महानिर्देशक, वाणिज्य विभाग – | " |
| (घ) सह-सचिव, पारवहन महाशाखा, वाणिज्य मन्त्रालय – | " |
| (ङ) प्रतिनिधि, आपूर्ति मन्त्रालय – | " |
| (च) प्रतिनिधि, निर्माण तथा यातायात मन्त्रालय – | " |
| (छ) प्रतिनिधि, कानून मन्त्रालय – | " |
| (ज) महाप्रबन्धक, नेपाल यातायात संस्थान – | " |
| (झ) महाप्रबन्धक, व्यापार प्रवर्द्धन केन्द्र – | " |
| (ञ) महाप्रबन्धक, शाही नेपाल वायुसेवा निगम – | " |
| (ट) श्री ५ को सरकारबाट तोकेका व्यक्ति २ जना – | " |
| (ठ) महाप्रबन्धक, नेपाल पारवहन तथा गोदाम व्य. कं. लि. – | सदस्य-सचिव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. समितिको कार्यक्षेत्र:

(क) देशमा भइरहेको पारवहन व्यवस्था स्थिति, कठिनाइ एवं आवश्यकताका सम्बन्धमा अनुगमन र मूल्यांकन गर्ने।

(ख) पारवहनमा लाग्ने वाह्य यातायात खर्च घटाउने उपायहरू पहिचान गरी श्री ५ को सरकारलाई सुझाव दिने।

(ग) भारतसँग भएको पारवहन व्यवस्था खासगरी संस्थागत काम कारवाहीहरू-लाई सुदृढ र विकसित गराउने दिशामा परामर्श दिने।

(घ) पारवहनको लागि उपलब्ध भएको वन्दरगाह (कलकत्ता) र स्थलगत नाका (राधिकापुर) को अधिकतम परिचालन गराउने र त्यस्ता कार्यहरूमा निजी क्षेत्रलाई बढी सक्रिय गराउन सुझावहरू दिने।

(ङ) नेपालका छिमेकी देशहरू खासगरी सार्क राष्ट्रहरूसँग स्थलगत (Overland trade) व्यापार विकसित गर्न आवश्यक पारवहन व्यवस्थाका लागि परामर्श दिने।

(च) पारवहन सेवा र यस सेवासँग सम्बन्धित इकाईबीच समन्वय र समझदारी कायम गराउन एवं यस क्षेत्रसँग सम्बन्धित लगानीको आवश्यकता र त्यसको उपादेयता बारे मुख्यतः दोहोरो लगानी हटाउन र घटाउने सन्दर्भमा आवश्यकता अनुसार सुझाव दिने।

(छ) देशको निर्यात आयात व्यापारलाई कम खर्चिलो बनाउन परिवहनका साधनहरू र पारवहन प्रक्रिया सरलीकरणका सम्भावनाहरूका सम्बन्धमा अध्ययन गरी राय सुझाव पेश गर्ने।

(ज) पारवहन सेवालाई विविधिकरण गर्न सम्भाव्य विकल्प पारवहन मार्ग र साधनहरू बारे निरन्तर रूपमा अध्ययन अनुसन्धान गराउने।

(झ) श्री ५ को सरकारले तोकेको अन्य कार्यहरू गर्ने।

३. खण्ड ३२ मिति २०३९ साल भदौ २१ गते संख्या २१ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यससम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,
निधेन्द्रराज शर्मा
श्री ५ को सरकारको का.मु. सचिव

32C



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।